# अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धता सम्बन्धी मापदण्ड, २०८२

**प्रमाणिकरण मिति : २०८२।१२।२९**

## १. पृष्ठभूमि र उद्देश्य

बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने अनौपचारिक क्षेत्रका श्रमिकहरूको श्रमको सम्मान गर्दै उनीहरूको स्वास्थ्य, दुर्घटना र वृद्धावस्थाको सुरक्षा सुनिश्चित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को देहाय ४ को (च) ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित सम्बन्धी ऐन, २०७६ को दफा ४ बमोजिम बुढानीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८२।१२।२७ को बैठकले यस अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धता सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गरी लागू गरेको छ।

## २. आबद्धताका लागि आवश्यक योग्यता

यस योजनामा सहभागी हुन श्रमिकले देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछ:

(१) **स्थायी ठेगाना:** बुढानीलकण्ठ नगरपालिकाको स्थायी बासिन्दा (नागरिकता, मतदाता परिचयपत्र, बसाइँसराइ अनिवार्य)।

(२) **पञ्जीकरण:** नगरपालिकाको श्रम डेस्कमा श्रमिकको रूपमा सूचीकृत भएको हुनुपर्ने।

(३) **क्षेत्र:** निर्माण, सरसफाइ, घरेलु, कृषि, गृह लगायतका अनौपचारिक क्षेत्रमा कार्यरत।

(४) **उमेर:** १८ वर्ष पूरा भई ५० वर्ष ननाघेको।

(५) **दोहोरो सुविधा नभएको:** अन्य कुनै सरकारी पेन्सन वा औपचारिक वा स्वरोजगार क्षेत्रको सामाजिक सुरक्षा कोषमा आबद्ध नभएको।

## ३. आवश्यक कागजातहरू

यस योजनामा सहभागी हुन आवेदन दिंदा अनुसूची – १ बमोजिमको निवेदन सहित निम्न कागजातहरू पेश गर्नुपर्नेछ:

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(२) सम्बन्धित वडा कार्यालयको स्थायी बासिन्दा र वर्गीकरण सहितको अनौपचारिक श्रमिक भएको पुष्टि हुनेगरी वडा कार्यालयबाट प्रदान गरिएको सिफारिस।

(३) पासपोर्ट साइजको २ प्रति फोटो।

(४) आफ्नै नाममा दर्ता भएको मोबाइल नम्बर।

(५) यदि आफू छनोटमा परेमा आफ्नो तर्फबाट मासिक रुपमा योगदान गर्नुपर्ने रकमका लागि तयार छु भन्ने अनुसूची – २ बमोजिमको स्व-घोषणा ।

(६) बैंक खाता नम्बर वा चेकको प्रतिलिपि ।

**४. योगदान रकमको बाँडफाँड, निरन्तरता र भुक्तानी प्रक्रिया**

सामाजिक सुरक्षा कोषको अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि (पहिलो संशोधन सहित) , २०७९ अनुसार नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकका आधारमा कुल २०.३७% योगदान देहाय बमोजिम हुनेछ:

(१) **श्रमिकको हिस्सा (११%):** मासिक रूपमा श्रमिक आफैँले जम्मा गर्नुपर्ने ।

(२) **नगरपालिकाको हिस्सा (९.३७%):** मासिक रूपमा बुढानीलकण्ठ नगरपालिकाले थप गरिदिने ।

(३) **योगदान रकमको निरन्तरता:** श्रमिकले आफ्नो हिस्सा बापतको रकम आफैं योगदान गर्नुपर्नेछ भने नगरपालिकाले आफ्नो हिस्साको रकम श्रमिक ६० वर्ष उमेर भए सम्मका लागि निरन्तर रुपमा जम्मा गरिदिनु पर्नेछ ।

(४) **भुक्तानी विधि:** श्रमिकले आफ्नो हिस्साको रकम सामाजिक सुरक्षा कोषको खातामा जम्मा गरेको प्रमाण पेश गरे पश्चात मात्र नगरपालिकाले थप गरिदिने रकम जम्मा गरिनेछ ।

**५. सुरक्षा योजना र सुविधाहरू**

सामाजिक सुरक्षा कोषको अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि (पहिलो संशोधन सहित) , २०७९ ले तोके अनुसार ।

**६. कार्यान्वयन प्रक्रिया**

(१) बुढानीलकण्ठ नगर कार्यपालिकाको बैठकले नगरपालिकाभित्र स्थायी बसोबास भएका अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा एक आर्थिक वर्षभित्र आबद्धता गरिने व्यक्तिको कुल सङ्ख्या तोके बमोजिम हुनेछ ।

(२) मापदण्ड नं. ६ (१) अनुसार सङ्ख्या तोक्दा नगरपालिकाभित्रको एकमुस्ट अथवा हरेक वडाबाट प्रतिनिधित्व हुनेगरी वडागत सङ्ख्या तोक्न सक्नेछ । एकमुस्ट सङ्ख्या तोकेको अवस्थामा प्राप्त आवेदनका आधारमा एकमुष्ट रुपमा मूल्याङ्कन गर्नुपर्नेछ भने वडागत सङ्ख्या तोकेको अवस्थामा प्राप्त आवेदनमध्ये वडागत प्रतिनिधित्व हुने गरी मूल्याङ्कन गर्नुपर्नेछ ।

(३) नगर कार्यपालिकाबाट सङ्ख्या एकीन भए पश्चात नगरपालिकाले सामाजिक सुरक्षामा आबद्धताका लागि आवेदन आव्हान गरी ७ (सात) दिनको समयसिमा तोकी अनुसूची – ३ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) प्रकाशित सूचना बमोजिम प्राप्त भएका आवेदनको आधारमा श्रम समन्वय समितिले मूल्याङ्कन उपसमिति मार्फत अनुसूची – ४ बमोजिमको मापनका आधारमा सङ्ख्या एकीन गरी श्रम समन्वय समिति समक्ष पेश गर्नेछ ।

(५) श्रम समन्वय समितिले उपसमितिबाट सिफारिस भएका आवेदनको जाँचबुझ गरी कार्यपालिकामा सिफारिस गरी स्वीकृतिका लागि पठाउनु पर्नेछ ।

(६) कार्यपालिकाले वडागत सङ्ख्या तोकेको अवस्थामा सम्बन्धित वडा कार्यालयले यसै मापदण्डको प्रक्रिया पुरा गरी वडाध्यक्षको संयोजकत्वमा सहभागी छनोट गरी श्रम समन्वय समितिमा पठाएमा पनि यसै मापदण्ड अनुसार भएको मानिनेछ । वडाबाट छनोट भई आएका सहभागीको विवरण श्रम समन्वय समितिले जाँचबुझ गरी कार्यपालिकामा सिफारिस गरी स्वीकृतिका लागि पठाउनु पर्नेछ ।

(७) कार्यपालिकाबाट स्वीकृत भएका नामावलीमा ५ (पाँच) दिनको समयसिमा तोकी दावी विरोधका लागि सूचना गर्नुपर्नेछ ।

(८) यसरी दावी विरोधका लागि सूचना प्रकाशित गरे बमोजिम कसैको नाममा दावी विरोध परेमा श्रम समन्वय समिति र कार्यपालिकाले अध्ययन गरी निर्णय गरे बमोजिम हुनेछ । दावी विरोध नपरेका व्यक्तिहरुको हकमा यस मापदण्ड बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।

(९) यसरी आबद्ध गरिएका व्यक्तिहरुलाई नगरपालिका र सामाजिक सुरक्षा कोषबीच योगदान रकम हस्तान्तरणका लागि आवश्यक सम्झौता गरी कार्यान्वयनमा लगिनेछ ।

**७. अनुगमन र खारेजी**

(१) श्रमिकले मासिक रूपमा आफ्नो योगदान रकम जम्मा गरे/नगरेको अनुगमन श्रम समन्वय समितिबाट हुनेछ।

(२) यदि श्रमिकले झुट्टा विवरण दिएको पाइएमा वा बसाइँसराइ गरी अन्यत्र गएमा वा अनौपचारिकबाट औपचारिक वा स्वरोजगारमा संलग्न भएमा नगर कार्यपालिकाको बैठकको निर्णयबाट नगरपालिकाले थपिदिने रकम रोक्का गरी आबद्धता खारेज गर्न सकिनेछ ।

(३) यस मापदण्डमा उल्लेख भएका विषयहरु यसै मापदण्ड बमोजिम हुने र अन्य विषयका हकमा बुढानीलकण्ठ नगरपालिकाको श्रम समन्वय समिति कार्यविधि, २०८०; अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि (पहिलो संशोधन सहित), २०७९ बमोजिम हुने र सो बाहेकका केहि विषयमा निर्णय गर्नुपर्ने भएमा निर्णय गर्ने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ ।

**अनुसूची – १**

**निवेदनको ढाँचा**

फोटो

१. **नाम, थर:** ...........................................................................................................

२. **नागरिकता नं.:** ………………… **जारी जिल्ला:** ………………… **जारी मिति:** .........…………

३. **हजुरबुबाको नाम:** ………........................... **बाबुको नाम**:…………………………………

**आमाको नाम**:…………………………………………………

४. **वैवाहिक अवस्था**: क) विवाहित ख) अविवाहित

५. **लिङ्ग**: क) पुरुष ख) महिला ग) अन्य

६. **ठेगाना:** क) बु. न. पा. वडा नं:………….....….. ख) टोलः……………………………….....

७. **मोबाइल नं.** ………………………… **ईमेल (उपलब्ध भएमा मात्र):** …………………................

८. **पारिवारिक विवरण**:

(अ) **वर्ग / समूह**: क) दलित ख) अल्पसङ्ख्यक ग) लोपोन्मुख घ) अन्य ………....................

(आ) **परिवारको सङ्ख्या**: …………………..

९. **नातेदार:**

**अ) इच्छाएको व्यक्तिको नाम थर:**…………………………………… **नाता:**………………………

**मोबाइल नं:**……………………......

१०. **कामको अनुभव**:……………………………… **अवधि**:……………………………......….......

११. **शिक्षा**:…………………………………………..

१२. **तालिम**:…………………………………………**अवधि**:………………………………………

१३. **आफूले श्रम गरेको क्षेत्रको वर्गीकरण:**

क) निर्माण ख) सरसफाइ ग) घरेलु घ) कृषि ङ) गृह च) अन्य ................................

१४. **बुढानीलकण्ठ श्रम डेस्कमा सूचीकृत भए/नभएको विवरण:** ...........................................................

१५. **बसोबासका लागि आफ्नै घर:** क) छैन ख) छ (घरको प्रकार: पक्की /कच्ची)

१६. **परिवारमा अन्य सदस्य रोजगारीमा संलग्न**: (क) छैन (ख) छ (……….जना)

१७. अन्य कुनै सरकारी पेन्सन वा औपचारिक वा स्वरोजगार क्षेत्रको सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुहुन्छ ?

क) छु ख) छैन

१८. नगरपालिकाबाट सञ्चालन हुने अनौपचारिक क्षेत्रकको श्रमिकको सामाजिक सुरक्षा योजनामा संलग्न हुन इच्छुक हुनुहुन्छ ? क) छु ख) छैन

उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहुँला / बुझाउँला ।

हस्ताक्षर ………………………………

मिति: …………………………………..

| दायाँ | बायाँ |
|---|---|
| | |

**अनुसूची – २**

**स्व-घोषणा**

मितिः २०...../...../......

श्री ..............................
बुढानीलकण्ठ नगरपालिका,
......................, काठमाडौँ।

**विषयः स्व-घोषणा सम्बन्धमा।**

प्रस्तुत विषयमा म ........................... क्षेत्रमा कार्यरत श्रमिक हुँ र म अन्य कुनै सरकारी पेन्सन वा औपचारिक वा स्वरोजगार क्षेत्रको सामाजिक सुरक्षा कोषमा आबद्ध नभएको हुँदा यस बुढानीलकण्ठ नगरपालिकाबाट सञ्चालित बुढानीलकण्ठ नगरपालिकाभित्रका अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धी कार्यक्रममा यदि आफू छनोटमा परेमा आफ्नो तर्फबाट मासिक रुपमा जम्मा गर्नुपर्ने तोकिएको योगदान रकम (न्यूनतम आधारभूत पारिश्रमिकको ११% रकम) मासिक रुपमा सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने छु भनी प्रतिबद्धता सहित स्व-घोषणा गर्दछु।

**निवेदक**

**हस्ताक्षरः**.......................................
**नाम, थरः**.......................................
**ठेगानाः**.........................................
**मोबाइल नंः**...................................

## अनुसूची – ३

## बुढानीलकण्ठ नगरपालिकाभित्रका अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धताका लागि आवह्वान गर्ने सूचनाको ढाँचा

सूचना नं. ..............                                                                                  मिति: ....................

**<u>अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धताका लागि निवेदन पेश गर्ने बारेको सूचना।</u>**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ. व. .......................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिकाको **अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धता सम्बन्धी मापदण्ड, २०८२** तथा नगर कार्यपालिकाको मिति ..................... को बैठकको निर्णय बमोजिम बुढानीलकण्ठ नगरपालिका/ नगरपालिकाको वडा नं. ................. मा स्थायी ठेगाना भएका ............... जना अनौपचारिक क्षेत्रका उमेर १८ वर्ष पूरा भई ५० वर्ष ननाघेका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धता गर्न लागिएको हुँदा इच्छुक श्रमिकले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस नगरपालिकाको/ वडा कार्यालयको ................................ मा तपसिल बमोजिमका कागजातहरु सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**<u>तपसिल</u>**

१. निवेदकको आफ्नै नाममा दर्ता भएको मोबाइल नम्बर समेत उल्लेख गरी तोकिएको ढाँचा (अनुसूची – १) अनुसारको निवेदन
२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयको स्थायी बासिन्दा र अनौपचारिक वर्गीकरण सहितको सिफारिस
४. निवेदकको पासपोर्ट साइजको फोटो – २ प्रति
५. यदि आफू छनोटमा परेमा आफ्नो तर्फबाट मासिक रुपमा योगदान गर्नुपर्ने रकमका लागि तयार छु भन्ने स्व-घोषणा पत्र
६. निवेदकको बैंक खाता नम्बर वा चेकको प्रतिलिपि

## अनुसूची – ४

## बुढानीलकण्ठ नगरपालिकाभित्रका अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धताका लागि मापनका आधारहरु

**मापनका आधारहरु**

| क्र. स. | मापनका आधार | मापनको अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१** | **बुढानीलकण्ठ नगरपालिकाको स्थायी बसोबासी (नागरिकता, मतदाता परिचयपत्र, राष्ट्रिय परिचयपत्र)** | २० | | |
| २ | **श्रमिक वर्गीकरण आधार*** | **२६** | | |
| | क) निर्माण क्षेत्रमा संलग्न श्रमिक | २६ | | |
| | ख) सरसफाइमा संलग्न श्रमिक | २५ | | |
| | ग) घरेलु श्रमिक | २४ | | |
| | घ) कृषि श्रमिक | २३ | | |
| | ङ) गृह श्रमिक | २२ | | |
| | च) अन्य श्रमिक | २१ | | |
| **३** | **महिला** | २ | | |
| ४ | **दलित, अल्पसङ्ख्यक, लोपोन्मुख** | २ | | |
| | **जम्मा** | **५०** | | |

*श्रमिक वर्गीकरणको आधार श्रमिक लगत सङ्कलन फारम/ वडाको सिफारिसमा पेश भए बमोजिम हुनेछ। निर्माण क्षेत्रमा संलग्न श्रमिक भन्नाले भवन, सडक, पुल वा अन्य भौतिक पूर्वाधारको निर्माण, मर्मत वा पुनःनिर्माण कार्यमा पारिश्रमिक लिई शारीरिक वा बौद्धिक श्रम गर्ने व्यक्तिलाई बुझिन्छ। सरसफाइमा संलग्न श्रमिक भन्नाले सार्वजनिक वा निजी क्षेत्रका ढल, सडक, कार्यालय वा घरभित्रको फोहोर व्यवस्थापन र स्वच्छता कायम गर्ने कार्यमा पारिश्रमिक लिई शारीरिक श्रम गर्ने व्यक्तिलाई बुझिन्छ। घरेलु श्रमिक भन्नाले अरूको निजी घरमा बसेर वा नबसी सो घरको हेरचाह, सफाइ, खाना पकाउने वा बालबालिका र वृद्धवृद्धाको स्याहार जस्ता कार्यमा पारिश्रमिक लिई संलग्न हुने व्यक्तिलाई बुझिन्छ। कृषि श्रमिक भन्नाले खेतीपाती, पशुपन्छी पालन वा कृषिजन्य उत्पादन संकलन र प्रशोधन जस्ता कार्यमा पारिश्रमिक लिई शारीरिक श्रम गर्ने व्यक्तिलाई बुझिन्छ। गृह श्रमिक भन्नाले रोजगारदाताले तोकेको काम आफ्नै घरमा वा आफूले रोजेको अन्य स्थानमा बसी वस्तु उत्पादन वा सेवा प्रदान गरी पारिश्रमिक लिने व्यक्तिलाई बुझिन्छ। अन्य श्रमिक भन्नाले निर्माण, सरसफाइ, घरेलु, कृषि, गृह श्रमिक बाहेकका अन्य श्रमिकलाई बुझिन्छ।